"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भानुपथ, इलाम
## Ilam Municipality
## Office of the Municipal Executive

☎प्रमुख/ उप प्रमुख ...........
का.अ./लेखा ५२००६०
योजना/प्रशासन ५२००६५
दमकल/खानेपानी ५२००३०
फ्याक्स नं. ५२००३१

१ नं. प्रदेश, नेपाल

प.सं. : प्र.शा.(     )०७६।०७७
च.नं.

मितिः-२०७६।१०।१६

**इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय इलामको**
**मिति २०७६।१०।१६ को मासुपसल भवन निर्माणका लागि**
**निजी साझेदार आव्हान गरिएको संशोधित सूचना**

इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी व्यवस्थापन तथा सञ्चालन ऐन, २०७४ बमोजिम इलाम नगरपालिकाको स्वामित्वमा रहेको इलाम नगरपालिका वार्ड नं. ७ स्थित जिल्ला हुलाक कार्यालयदेखि दक्षिण मोटरसाइकल पार्किङ्गस्थल उत्तरमा यस कार्यालयको नक्सा डिजाइन अनुसार मासुपसल भवन निर्माण तथा सञ्चालनका लागि निम्न शर्तको अधीनमा रहने गरी यस कार्यालयको मिति २०७६।१०।१३ को सूचनाबाट लगानीकर्ताहरुमा आव्हान गरिएकोमा निम्नानुसार हुने गरी पुनः यो संशोधित सूचना प्रकाशन गरिएको छ। सो मासुपसलको लगानी रकम तथा न्यूनतम मासिक भाडा समेत निम्नानुसार भएको हुँदा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

**निम्न :–**

(१) प्रस्ताव फाराम रु १०००।०० (फिर्ता नहुने) तिरी २०७६।१०।२८ गते भित्रमा कार्यालयबाट खरिद गर्न सकिनेछ।

(२) प्रस्ताव फाराम भरी सिलबन्दी गरी मिति २०७६।१०।२८ गते दिउँसो १२ बजे भित्रमा दर्ता गराई सक्नु पर्नेछ। सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट दर्ता गराउन सकिनेछ।

(३) यस कार्यालयको नक्सा डिजाइन अनुसार निर्माण हुने मासु पसलमा प्रत्येक कोठाको लागि रु १,५०,०००।०० रकम लगानी गर्न सकिनेछ। प्रत्येक कवलको लागि छुट्टा छुट्टै प्रस्ताव गर्नु पर्नेछ। प्रस्ताव सिलबन्दी गरिएको खाममा बाहिर कति नम्बरको कवल कुन हो ? प्रष्ट लेख्नु पर्नेछ।

(४) प्रति कवल न्यूनतम मासिक भाडा रकम MSGF1, MSGF2 लाई 4000.00, MSGF3, MSGF4 लाई 4500.00, MSGF5, MSGF6 लाई 5000.00, MSFF1, MSFF2 लाई 4000.00, MSFF3, MSFF4 लाई 4500.00, MSFF5, MSFF6 लाई 5000.00 तोकिएको छ र प्रत्येक २ वर्षमा १० प्रतिशतका दरले भाडा रकम बृद्धि गरिनेछ। संझौता पश्चात मासिक भाडा भुक्तान प्रक्रियामा मासिक भाडा रकमको ५० प्रतिशत रकम लगानी रकमबाट कट्टा हुनेछ र ५० प्रतिशत रकम मासिक रुपमा दाखिला गर्नु पर्नेछ।

(५) संझौताको अवधि १५ वर्ष तोकिएको छ र लगानी रकम मासिक रुपमा कट्टा गर्दै लगिनेछ। १५ वर्षको संझौता अवधि समाप्त भएपछि लगानी रकम बाँकी रहन गएमा बांकी रकम नगरपालिकाको निर्णयानुसार फिर्ता हुनेछ।

(६) प्रत्येक कवलमा उल्लिखित न्यूनतम भाडादरलाई आधार मानेर प्रतिस्पर्धा हुने र बढी भाडा रकम कवोल गर्ने लगानीकर्ताले प्राथमिकता पाउनेछ।

(७) लगानीकर्ताको प्रस्ताव स्वीकृतिपश्चात प्रत्येक लगानीकर्ताहरुलाई तोकिएको लगानी रकम ३ किस्ता क्रमशः ४० प्रतिशत, ३० प्रतिशत र ३० प्रतिशत दरले कार्यालयले तोकेको समयमा लगानी रकम दाखिला गराउने कार्य हुनेछ।

(८) उल्लिखित प्रक्रिया अनुसार संझौता गरेका लगानीकर्ताले न्यूनतम १५ वर्षसम्म बिना प्रतिस्पर्धा साझेदारी लगानीका आधारमा व्यापारिक कवल उपयोग गर्न पाउनेछ।

(९) लगानीकर्ताले आफूले लगानी गरी लिएको कोठा अन्यलाई भाडामा दिन वा लगाउन पाउने छैन। काबु भन्दा बाहिरको परिस्थितिको हकमा नगर कार्यपालिकाले वस्तुगत परिस्थिति मूल्याङ्कन गरी तत्सम्बन्धमा विशेष निर्णय गर्न पनि सक्नेछ।

(१०) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा नगरपालिकाको निर्णयानुसार हुनेछ।